गौरीगङ्गा नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
चौमाला, कैलाली

पत्र संख्या :- २०७६/०७७
च.नं :-

आन्तरिक आय सङ्कलन गर्ने कार्यका लागि  शिलबन्दी दरभाउपत्र आहान सम्बन्धी १५ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति :-२०७६/०४/१८**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६१ मा भएको व्यवस्था बमोजिम यस कार्यालयको निर्णयानुसार देहायका शीर्षकहरुमा राजश्व असुली सम्बन्धी कार्य आ.ब.२०७६/०७७ का लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पुरा गरेका ईच्छुक फर्महरुले दरभाउपत्र खरिद गरी देहायको मिति र समयभित्र शिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्नहुन अनुरोध छ। अन्य थप जानकारीका लागि कार्यालय समय भित्र कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिने छ ।

| दरभाउ पत्र नं. | ठेक्काको बिबरण | कूल न्यूनतम बोल कबोल अंक (मु . अ. कर बाहेक) | दरभाउ पत्र दस्तुर | धरौटी |
|---|---|---|---|---|
| ०१/२०७६/०७७ | कवाडी कर | रु.१,५०,०००।= | रु.१०००।= | कबोल अंकको ५ % |
| ०२/२०७६/०७७ | जीवजन्तु तथा जीवजन्तुजन्य पदार्थ निकासी कर | रु.२,००,०००।= | रु.१०००।= | कबोल अंकको ५% |

ठेक्का सम्बन्धी शर्तहरु

१. ठेक्का अवधि २०७६ साल भाद्र १ गते देखी २०७७ साल असार मसान्त सम्म रहने छ ।
२. दरभाउपत्र दाताले शिलबन्दी दरभाउपत्रको बाहिरपट्टि ठेक्का नं. ठेक्काको बिबरण र नाम प्रष्ट बुझिनेगरी लेख्नुपर्नेछ ।
३. कबोल रकम अंक र अक्षरमा प्रष्ट गरी तोकिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।
४. माथि उल्लेखित सबै ठेक्काहरुको कबोल अंकको थप मुल्य अभिवृद्धि कर १३ प्रतिशत बराबरको राजश्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई सोको प्रमाण यस कार्यालयमा बुझाउनु पर्नेछ ।
५. धरौटी वापत कबोल गरेको अङ्कको ५ प्रतिशत रकम यस कार्यालयको नाममा एन.आई.सी एसिया अतरिया शाखामा रहेको धरौटी खाता नं 71CA **500982524004** मा नगद दाखिला गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको मान्यता प्राप्त बैंकको जमानत (बिड बण्ड) को सक्कल प्रति दरभाउपत्रसाथ संलग्न गरी पेश गर्नु पर्नेछ ।धरौटी वापत जम्मा गरेको रकम किस्तामा समावेश गर्न पाईने छैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरीसकेपछी प्रचलित ऐन बमोजिम फिर्ता गरिने छ ।
६. प्रचलित ऐन बमोजिम कबोल गरेको रकम एकमुष्ट अग्रिमरुपमा बुझाएमा ५ प्रतिशत सम्म रकम छुट दिन सकिनेछ तर नियमानुसार लाग्ने मू.अ.कर प्रयोजनको लागि भने छुट दिईने छैन।दरभाउपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको

नि.प्रमुख प्रशासकीय अधिकृत

रकम यस कार्यालयको एन.आई.सी. एसिया बैंक अतरिया शाखामा रहेको सञ्चितकोष कोष खाता नं.71CA500982524001 मा रकम जम्मा गरेको भौचर वा कार्यालयको राजश्व शाखामा रकम दाखिला गरेको रसिद पेश गर्नुपर्नेछ ।

७. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा रहनेछ ।

८. शर्त सहितको दरभाउपत्र स्वीकार्य हुनेछैन र रित नपुर्याई दर्ता भएका दरभाउ पत्र उपर कुनै कारबाही हुनेछैन ।

९. ठेक्मामा कुनै विवाद उत्पन्न भएमा गौरीगङ्गा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१०. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समयभित्र खरिद गरी १६ औ दिन दिउसो १२.०० बजेभित्र यस कार्यालयमा शिलवन्दी दरभाउपत्र दर्ता गरी सक्नुपर्नेछ ।साथै उक्त सूचना गौरीगङ्गा नगरपालिकाको सूचना पाटी र वेभसाइड www.gauriganga mun.gov.np मा राखिएको छ । प्राप्त दरभाउ पत्रहरु सोही दिनको २ बजे गौरीगङ्गा नगरपालिकाको कार्यालयमा दरभाउपत्रदाताको रोहवरमा खोलिने छ । दरभाउपत्रदाताहरुको उपस्थिति नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

११. दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा क्रमश: सोको भोलिपल्ट सोही समयमा खरिद दर्ता तथा खोलिने कार्य गरिनेछ ।

१२. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त दरभाउपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी शर्तहरुका प्रत्येक बुदाहरु यसै सूचनाका शर्त सरह लागू हुनेछन ।

१३. यस सूचना तथा दरभाउपत्रसाथ संलग्न अन्य शर्तहरु पूरा नभएका दरभाउपत्रहरु मूल्याङ्कनमा समावेश गरिने छैन ।

१४. अन्य कुराहरु यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको सूचना तथा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

आय ठेक्का सम्बन्धी अन्य शर्तहरु

१. बुदाँ नं ६ बमोजिम एकमुष्ट रकम नबुझाएमा कूल कबोल अंक अङ्कमध्ये पहिलो किस्तामा बुझाउनु पर्ने रकम बुझाई बाकी रकमको ठेक्का अवधिमा १ महिना थपसम्म मान्य अबधि रहेको गौरीगङ्गा नगरपालिकाको नाममा जारी भएको नेपाल राष्ट्रबैंकबाट मान्यता प्राप्त क वर्गका वाणिज्य बैंकको जमानत (परफमेन्स वण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पुर्जी दिईनेछ ।

२. आय रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ ।

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रकम रु |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र | कबोल अङ्कको ३० प्रतिशतले हुन आउने रकम |
| दोस्रो | २०७६ साल माघ मसान्त भित्र | कबोल अङ्कको ४० प्रतिशतले हुन आउने रकम |
| तेस्रो | २०७७ साल जेष्ठ मसान्त भित्र | कबोल अङ्कको ३० प्रतिशतले हुन आउने रकम |

३. ठेक्का कबोल गर्ने ठेकेदारले गौरीगङ्गा नगरपालिकाले तोकेको दरमा कर उठाउदा प्रयोग गर्ने बिक्री तथा निकासी तर्फका रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ ।प्रमाणित नगरिएका रसिदहरुबाट शुल्क उठाएको पाईएमा नियमानुसार कारवाही हुनेछ ।

४. माथि बुदाँ नं. ३ मा उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम बिक्री तथा निकासी आय खातामा मु.अ.कर को हिसाब निकाल्नका लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता रसिद अर्ध वार्षिक रुपमा यस कार्यालयमा बुझाउनु पर्नेछ ।

५. ठेकेदारले उठाउने कर कार्यालयद्धारा तोकिएको सङ्कलन केन्द्रमा नै उठाउनु पर्नेछ ।साथै दररेट सहितको साईन बोर्ड सबैले देखिने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनु पर्नेछ ।

६. यस नगरपालिकालाई बुझाउनु पर्ने बाकी वक्यौता भएको वा कालो सूचीमा परेको व्यक्ति फर्मको दरभाउपत्र स्वीकृत गरिने छैन ।

७. प्रचलित कानुन बमोजिम प्रतिवन्धित माल सामान ओसार पसार गरेका पाइएमा तुरुन्त जि. प्र. का. लाई खवर गर्नु पर्नेछव

८. ठेकेदारले यस कार्यालयले समय समयमा दिएको निर्देशन पालना गर्नु पर्नेछ ।

९. राष्ट्रिय राजमार्ग वा सहायक राजमार्गमा ढाट तगारो राखी कर सङ्कलन गर्न पाईने छैन ।

नि.प्रमुख प्रशासकीय अधिकृत